हाम्रो प्रजाशक्ति

गान्तोक, वर्ष १८, अङ्क १११, १३ सेप्टेम्बर, २०१७
विक्रम संवत् २०७४, भद्रौ २८ गते, बुधवार

## लक्ष्य प्राप्त नभएकाले एसडीएफ सरकारलाई चुनौती

सिक्किमको वर्तमान एसडीएफ सरकारले स्वयं निर्धारित धेरैवटा लक्ष्य पूरा गर्न नसकेपछि भविष्यमा उसका लागि ठूलो चुनौती खड़ा भएको छ। मुख्यत: २०१५–सालसम्ममा सिक्किम राज्यलाई एक सम्पन्न, आत्मनिर्भर र विकसित राष्ट्र झैं परिपूर्ण बनाउने लक्ष्य राखेको भए तापनि त्यो लक्ष्यले पूर्णतया फेल खाएको जनताले स्पष्टसँग देखे। सिक्किम रोगमुक्त, शोकमुक्त र भोकमुक्त हुनेछ भन्ने सरकारको दाबी विफल भएको अहिलेको स्थितिले स्पष्ट पारेको छ। सिक्किमको कुनै पनि सरकारी क्षेत्र सफल बन्न सकेको छैन। २०१५–सालसम्ममा सिक्किमको स्वास्थ्य क्षेत्र क्यूबाको जस्तो हुनेछ भनी सरकारले दाबी गरेको भए पनि आज हेर्दा सिक्किमको स्वास्थ्य क्षेत्र कहाली लाग्दो देखिएको छ। यसैगरी शिक्षा क्षेत्रमा सुधार आउन अझ निकै वर्ष कसरत गर्नुपर्ने देखिएको छ। सिक्किमका गाउँ अनि शहरहरू स्वीट्जरल्याण्ड र सिङ्गापूर झैं विकसित हुने बताइए तापनि आज सिक्किमका ग्रामीण इलाकाहरू यस्तो प्रकारले विकसित हुनुदेखि कोशौं टाड़ा रहेको देखिन्छ।

एसडीएफ सरकारले आफ्नो चौथो कार्यकालसम्म आफ्नो लक्ष्यलाई लिएर धेरै दाबी गरेको भए पनि पाँचौं चरणमा आएपछि ती दाबी र निर्णयहरू आफैं–आफ हराउँदै आएका छन्। अहिले आएर सरकारले त्यस किसिमको दाबी गर्न धेरै छोड़ी सकेको छ। २०१५–सालमा नै धेरैवटा लक्ष्य प्राप्त हुन नसकेपछि पाँचौं चरणमा आएको एसडीएफ सरकार पहिला भन्दा निकै निष्क्रिय र प्रवाहहीन देखिएको छ।

विगत २५ वर्षदेखि सत्ताको बागडोर हातमा लिएर बसेको एसडीएफ सरकार कालमा जनताको बुनियादी आवश्यकता नै पूरा नभएको स्पष्ट देखिएको छ। अहिलेको स्थितिमा पनि सिक्किमे जनता आफ्नो बुनियादी आवश्यकताका गुनासोको ठेली बोकेर छापामा आउने गरेका छन्। सड़कको नाजुक अवस्था, पिउने पानीको हाहाकार, बिजुलीको दैनिक अनिमित्तता, अस्पतालको नाजुक स्थिति, पाठशालामा पूर्वाधार र शिक्षकहरूको कमी, एमजी नरेगामा भ्रष्टाचार, सरकारी योजनाका घर निर्माणमा धाँधली, कृषि तथा सिंचाईको समस्या, सरकारले अधिग्रहण गरेका जमीनको क्षतिपूर्ति नपाएकोले समस्या जस्ता अनेकौं समस्याहरू सिक्किमे जनताका दैनिक समस्या भएका छन्। यतिका लामो शासन सत्ता सञ्चालन गर्दा सड़कको अवस्था किन सुध्रिन सकेन, किन पिउने पानीको हाहाकार भयो, किन बिजुली आउँदैन भन्ने प्रश्नहरू लिएर जनताले सरकारलाई दिनहुँ घोचिरहेका छन्।

अर्कातिर सिक्किमलाई ड्रग्समुक्त राज्य बनाउनेछौं भन्ने सरकारको दाबी पूर्ण रूपले विफल भएको छ। अहिले राज्यमा दैनिक रूपमा ड्रग्स ओसार प्रसार भएको सत्य तथ्य पुलिसले सार्वजनिक गर्ने गरेको छ। यस्ता असामाजिक घटनाहरू दैनिक रूपमा छापामा आउने गरेका छन्। यसको नियन्त्रण हुन नसक्नुको कारण के हो यसमाथि पनि सरकारी तन्त्र विफल नै देखिएको छ। सोही प्रकारले आत्महत्या, बलात्कार अनि महिला तथा बाल–बालिका अपहरणका घटनाले पनि सिक्किम राज्यलाई आक्रान्त बनाउँदै लगिरहेको छ। यस दिशामा सरकारी तौरबाट प्रभावकारी पहल गरी रोकथाम गर्ने ठोस योजनाको अभाव देखिएको छ।

सिक्किमलाई सबै तर्फबाट एक सम्पन्न राज्य बनाएर युवा पिड़िलाई सुम्पिने सरकारको लक्ष्य र उद्देश्य भए तापनि त्यो लक्ष्य र उद्देश्य पूर्ति गर्न सरकारले अब फलामको चिउरा चबाउनु पर्ने स्थिति देखिएको छ। ड्रग्स रोकथाम कसरी गर्ने? बलात्कारका घटनाहरू कसरी काबुमा ल्याउने? के यी समाजघाती घटनाहरूको नियन्त्रणका लागि सरकार गम्भीर छ त? भन्ने प्रश्नहरू आज सिक्किमेली समाजमा खड़ा भएका छन्। यसैले वर्तमान एसडीएफ सरकारलाई यी समस्याहरूले भविष्यमा ठूलो चुनौती सिर्जना गर्न सक्ने देखिन्छ।

# गोर्खाली, होशियार! होशियार! होशियार!!

मोहन सिंह प्रधान (मनव)
पाकिम, पूर्व सिक्किम

मेरा प्यारा गोर्खाली वीर-विरङ्गना, नर-नारीहरू हो, तपाईंहरूलाई नभनी नहुने वास्तविक सत्य कुरा लेखेर भनिरहेछुः कृपा गरी एकदमै होशियार अनि अडिग भएर बस्नुपर्ने बेला आएको छ। वार कि पारको समय आएको छ है। अलिकति पनि पछि हट्यौ भने सबै स्वाहा भयो भनेर जान्नु है।

प्रथम कुराः बाहिका शत्रुहरूभन्दा घरभित्रका गोर्खाली शत्रुहरू धेरै-धेरै हानिकारक र गोर्खा नाशक हुन्छन्। गोर्खाल्याण्ड छोड़ेर बंगालभित्रका कुनै पनि व्यवस्थापटि ढल्किन चाहने गोर्खालीहरू सबै घरभित्रका शत्रुहरू हुन्। यसकारण यस्ताहरूदेखि होशियार। अब पनि बंगालभित्रकै अर्को व्यवस्था भन्नु हो भने गोर्खाल्याण्डको कुरा सधैंको लागि खतम भयो भनेर जान्नु।

दोस्रो सत्यः बंगाल सरकार गोर्खालीलाई बंगालको दासत्वमा सधैं बाँधेर राख्न चाहन्छ. फलामको साङलोले भएन भने चाँदीको साङलोले, चाँदिकोले पनि भएन् भने सुनैको साङ्लोले भए पनि बाँधेरै राख्न चाहन्छ। गोर्खालीहरूलाई सधै दास बनाएर राख्न चाहन्छन्, गोर्खालीहरू होशियार, होशियार।

तेस्रो सत्यः दुइवटा महाजालमा फँस्नदेखि बाँच्न सक्यो भने बाँच्यो गोर्खाली सकेन भने मऱ्यो गोर्खाली, सड्यो गोर्खाली। राज्य र केन्द्र सरकारले दुइवटा महाजालमा फँसाउन, घरभित्रको शत्रुहरूलाई साथमा राखेर भित्र-भित्रै काम गर्दैछ। पहिलो महाजाल हो छैटौं अनुसूची, दोस्रो महाजाल हो स्वायत्त शासन। यी दुइवटामा कुनै एउटामा फँस्यो भने चैं गोर्खाली जनता सबै टिस्टा नदीमा हाम फालेर मर्दा भयो। गोर्खाल्याण्डको कुरा सदाको लागि खतम भयो भनेर जान्नु।

चौथो सत्यः गोजमुमोको नेताहरू मदन तामाङ हत्याकाण्ड दोषी सरह भइसकेका छन्। मदन तामाङको हत्याको पछाड़ि यिनीहरूको हात छ भन्ने कुरालाई प्रायःले मान्न थालेका छन्। नेताहरू दागी भयो भने उनीहरूको प्रभाव धेरै कम्ति भएर जान्छ। उनीहरूको कुरालाई सेन्टरले त्यति महत्व दिँदैन। मदन तामाङको हत्या हुँदा यी नेताहरूले हत्याराको विरोध गर्नुपर्ने थियो। उनीहरूले गरेनन्। मदन तामाङलाई गोजमुमोका नेताहरूले मन पराउँदन थिए। विशेष हर्कबहादुर छेत्रीले मनपराउँदैन थिए भनिन्छ । योकुरा चैं सबैले थाहा पाएकै कुरा हो। यसकारण उनीहरूमाथि शङ्का उब्जनु स्वाभाविक हुन्छ। भोलिको दिनमा यी गोजमुमो नेताहरू जेलभित्र पसिहाल्यो भने उनीहरूको ठाउँ ओगट्ने ज्ञानी-बुद्धिमानी कानून र संविधानको ज्ञाता चरित्रवान प्रलोभनमा नफँस्ने, इतिहास र भुगोलको ज्ञान भएको मानिसहरू दागी नेताहरूको ठाउँ ओगट्नु आइहाल्नु पऱ्यो। गोजमुमोको मान्छे मात्र आउनु भनेको होइन, सबै पार्टीको चरित्रवान गोर्खाल्याण्ड भक्त नेताहरू पार्टीको झण्डा-फण्डा फ्याँकेर राष्ट्रिय झण्डा बोकेर झन बेसी तात्तिर अघि आउनु पऱ्यो। दोषी मान्छेहरू आउनु भएन। त्यस्ताहरू आयो भने झन कुरा बिग्रिन्छ।

पाँचौं सत्यः हाम्रो गोर्खा युवकहरूले आमरण अनसन गरिरहेका छन्। यो चैं राम्रो कुरा भएन् नानी हो। मोदि आएर अनशन नगर नानी तिमीहरूको माग पूरा गरिदिन्छुः तराई डुवर्स मिलाएर गोर्खाल्याण्ड बनाइदिन्छु भनेर तिमीलाई भन्ने होइन न त ममता नै आएर तिम्रो माग पूरा गर्छिन्। बल्लबल्ल पाएको मानव जन्मलाई यसरी नमार । अरू उपाय गरेर पनि गोर्खाल्याण्डको निम्ति काम गर्न सक्छौ तिमीहरूले। यो शरीरबाट धेरै-धेरै सेवा-धर्मको काम गर्न सक्छौ । गोर्खाल्याण्ड विरोधीहरूलाई फकाई-फकाई, सम्झाई-बुझाई गोर्खाल्याण्ड पक्षी बनाउन सक्छौ। शरीर छ भने अनेक किसिमका ज्ञानहरू हासिल गर्न सक्छौ। आत्माज्ञान, ब्रह्मज्ञान र अन्य अनेक रहस्यमय ज्ञानहरू तिमीहरूले हासिल गर्न सक्छौ। यसकारण आमरण अनसनलाई त्यागेर गोर्खाल्याण्डको निम्ति अरू नै कामहरू गर्नु पर्छ। तिमीहरूले बाँचेर धेरै कामहरू गर्नु परेको छ।

हे गोर्खाली नेताहरू हो, आज परमेश्वरको कृपाले गर्दा सबै पार्टीकाहरू एकताको सुत्रमा बाँधिन थालेका छन्। यो राम्रो लक्षण हो। सब एकमत भएर गोर्खाल्याण्डलाई निशाना बनाएर हिड़ेको हिड़ेकै गर्नुपर्छ, बिसाउनु हुँदैन। शत प्रतिशत जनताले गोर्खाल्याण्ड मागिरहेका छन्। रात -दनै, झरी-पानी नभनी भोकै सड़कमा उत्रेर कराइरहेका छन्, दौड़िरहेका छन्, पुलिसको गोली खाइरहेका छन्। दार्जीलिङदेखि सिलगढ़ीको मानव श्रृङ्खलाः अभुतपूर्व दृश्य देखिरहेका छौं। यस्तो अभूतपूर्व त्याग र तपस्या गरपिरहेको बेलामा अनि सारा विश्वका गोर्खाहरूले सपोर्ट गरिरहेको बेलामा गोर्खा नेताहरूले धोखा दिने काम चैं गर्नु भएन्। गोर्खाल्याण्ड छोड़ेर अर्को कुनै पनि व्यवस्थाका नाम पनि मुखबाट निकाल्नु भएन्। यी त्यागी तपस्वी जनतालाई परमेश्वरले चैं २४सै घण्टा आशिषको वर्षा गरिरहोस् भनी सबै मिलेर प्रार्थना गरिबस्नुपर्छ। शरद पवारको एनसीपी पार्टीको एकजना नेताले पार्लमेन्टमा गोर्खाल्याण्डको पक्षमा टेबल ठटाएर बोल्यो अरेः अरू दश- एघार जनाले पनि संसदभित्र आवाज उठाइदिने भएका छन्। यो पनि अभूतपूर्व ऐतिहासिक घटना हो। यसकारण दिल्लीका गोर्खालीहरूले झट्टै शरद पवारलाई भेटेर उनलाई एउटा फूलको माला लगाइदिनु : मैले यसो-यसो गर्नुपर्छः सारा राज्यका सांसदहरूलाई बिन्ती गर्नु, गोहार माग्नु आदि कुराहरूक वर्णन गरेर चिट्ठी लेखेकै हो तर घमण्डले मात्तिएको नेताहरूले कुरै मानेनन्। आखिरमा बंगालको दासत्वलाई स्वीकार गरेर दार्जीलिङको जनतालाई चिसो बारोमा सुतायो र डुवर्स तराइका गोर्खाहरूलाई पिनि विश्वासघात भयो।। जे होस्, दश वर्षपछि गोर्खाली नेताहरूलाई बल्ल बुद्धि आयो, राम्रै भयो। f

अब अन्तमा गोर्खा नेताहरूलाई बिन्ती गर्छुः गोर्खाल्याण्डको दुइवटा मात्रै विकल्प छन्ः एउटा हो केन्द्रशासित गोर्खाल्याण्ड अनि अर्को हो सिक्किम दार्जीलिङ एकीकरण। जसरी स्वीस अन गर्ने साथ बत्ती बल्छ, त्यसरी नै गोर्खाल्याण्ड भइहाल्छ, कारण सिक्किम सरकारले पहिला नै गोर्खाल्याण्डको मागलाई समर्थन दिइसकेको छ, कुनै बाधा हुँदैन। यता सिक्किम रहन्छ, उता गोर्खाल्याण्ड हुन्छ, तर यो काम चैं दिल्ली सरकारसंग सल्लाह गरेर मात्रै हुनक्छ। दोषी गोर्खाहरूलाई मात्र बंगाल पुलिसले पक्रिन्छः गोर्खाल्याण्ड माग्दा पक्रिँदैन। डेर कड़ोर गोर्खाहरूले छैटौं अनुसूची चाहँदैनन्। मन घिसिङ जस्ता दुइचार जनाले छैटौं अनुसूची चाहन्छन् भने त्यो उनको व्यक्तिगत विचार हो। । होशियार हुनु, बंगाल भित्रका कुनै पनि व्यवस्थालाई एक मान्दैनौं, दुई मान्दैनौं, तीन मान्दैनौं।

लेख्दै गर्दा खबर सुनें कि केन्द्रिय गृहमन्त्री राजनाथ सिंहले संघीय व्यवस्था आदि कुरामा भुल्याएर आमरण अनशन त्याग्न र राज्य सरकारलाई कुनै बुद्धि लगाएर अवैध कब्जा गरेको सिक्किम गोर्खाको भूभाग मागेको मागेकै गरी बस्नु भनेर गोर्खा नेताहरूलाई ममताकै शरण पर्नु भनेर पठाइदिएछन्। मेरो दृष्टिमा केन्द्रिय मन्त्री राजनाथ सिंहले ठिकै कुरा गरे। गोर्खाली जनताले अभूतपूर्व त्याग र बलिदानको दृश्य संसारलाई देखाइदिए। जनताले गर्ने काम गरिसके अब बेसी दुःख नदिनु जनतालाई। अब नेताले नै आफ्नो ज्ञान-बुद्धि लगाएर प्रेमलाई हतियार बनाएर ममता ब्यानर्जीको ह्रदय पगाल्ने काम भोलिदेखि थालिहाल्नु पऱ्यो। गोर्खाल्याण्ड छोड़ेर अर्को व्यवस्था ठ्याम्मै नथाप्नु। अरूको त के कुरा गर्नु स्वर्गलोकबाट साक्षत भगवान नै आएर हे गोर्खा हो! गोर्खाल्याण छोडेर अर्को व्यवस्थालाई मानिदेऊ भनेर बिन्ती गरे भने पनि गोर्खालीहरूले यसरी जवाफ दिनु- हे परमेश्वर पिता हजुरलाई बारम्बार प्रणाम गर्दछौं। हजुरले भनेको सबै कुरा हामी मान्न तयार छौं तर गोर्खाल्याण्ड छोड़ेर अर्को व्यवस्था चैं एक मान्दैनौं, दुई मान्दैनौं, तीन मान्दैनौं कारण जुन भू-भाग हामी मागिरहेछौं, त्यो बंगालले अवैध कब्जा गरेको हाम्रै भू-भाग हो। यो कुरा श्वेतपत्रमा स्पष्ट लेखिएको छ। बंगालका नेताहरूलाई यी सब कुरा थाहा छ तर ती नेताहरूले जानी-जानी पनि झुटा बोलिबस्छन्। हामीले बंगालको एक चपरी जमीन पनि मागेका छैनौं। हामीलाई हाम्रो जमीन फर्काई देवोस् र त्यो भूमिलाइ हार्मी गोर्खाल्याण्ड अथवा गोर्खा प्रदेश नाम दिन्छौं।

डेड़ करोड़ गोर्खालीहरूको उन्मुक्ति र चिन्हारी खाली गोर्खाल्याण्डले मात्र हुन्छ अर्को विकल्प छैन भनेर जान्नुपर्छ सबै गोर्खालीहरूले। अर्को एउटा मुख्य कुरा के छ भने कति जनाले गुनासो गरेको सुन्छु कि अंग्रेजले भारत छोड़्यो। त्यो भू-भागको कुनै टुंगो नलगाई गयो। अंग्रेजको दोष छैन। अंग्रेजले भारतलाई जिम्मा लगाएर गए। अंग्रेजले भारत र सिक्किमको धेरै विकास र उन्नति गरेर गए। धेरै कुराहरूमा अंग्रेजलाई धन्यवाद दिनुपर्छ। 'दार्जीलिङ शहर बिजुली लहर बैकुण्ठ जस्तो छ' भनेर उहिले गीत गाउँथे। त्यस्तो शहर बनाउने चैं अंग्रेज नै हो। उता दार्जीलिङमा झिमिमिली बिजुली बत्ती बल्दा यता सिक्किममा राजाकै घरमा पनि धिब्री र लालटेन बल्थ्यो। दार्जीलिङमा गाड़ी दौड़िदा यता सिक्किममा राजालाई डोलीमा बोकेर एक ठाउँदेखि अर्को ठाउँ लिएर जान पर्थ्यो. डोलीको अगाड़ि-अगाड़ि एकजनाले हँसिया बोकेर सिस्नु फाँड़दै हिड़नुपर्थ्यो। यी सब देख्ने मान्छेहरू अहिले पनि जिउँदैछन्। झाडा झोड़लाङी, कालो भारी आदिको कुप्रथामा पिसिएर जनताले गुलाम जस्तो जिन्दगी बिताउनु पर्थ्यो। बिना रोजै काजी ठेकेदार मण्डलहरूका काम गर्नु पर्थ्यो। कमाराहरूको चलन पनि थियो यहाँ। एकतन्त्री अत्याचारी शासनदेखि त्यसबेलाका नेताहरू,जनता सबै मुक्त हुन चाहन्थे। सबैले जनतन्त्रको स्वाद चाख चाहन्थे। नब्बे प्रतिशत जनता भारतमा मिल्नु चाहन्थे। १९४७ सालदेखि नै सिक्किमका कंग्रेस नेता र जनता सबै सिक्किमलाई भारतमा विलय गराउन चाहन्थे। सिक्किमका राजाले यो सानो सिक्किमलाई पनि चलाउन राम्ररो सकिरहेका थिएनन्। पोलिटिकल अफिसर र देवनहरू भारतबाट आएर सिक्किमको राज चलाइदिनुपर्थ्यो। यत्रो सानो सिक्किममा राजाले चलाउन सकेनन् भने त्यो उताको ठूलो सिक्किमलाई चलाउने त कुरै आएन। आफूले खेती गर्न सकेन भने अरूलाई अधिया कुदमा खेत दिनुपर्छ। त्यसरी नै त्यो जमीन सिक्किम राजाले अंग्रेज र भारतलाई कुदमा दिएको हो। खेत चैं खेत मालिकको हुन्छ कुदियादारको हुँदैन। आज पनि दार्जीलिङ तराई मदेश सिक्किमकै हो। सिक्किमको सिमाना कुचबिहारसम्म हो। सिक्किम राजाले दार्जीलिङ बेचेको छैन। गोर्खालीहरू लाटा-सिधा, मूर्ख भएकोले त्यो भू-भाग बंगलाले जबर्जस्ती कब्जा गरिरहेको छ। गोर्खाहरू हो अब मुड़ेबल होइन बुद्धिले काम गर। बंगाली जस्तो बुद्धिज्ञान गोर्खालीहरूको हुन हो भने एक सय वर्ष अघि नै गोर्खा प्रान्त बनिसक्थ्यो। जय गोर्खा प्रदेश जय भारत माता।

पुनश्चः आज भोलि कालेबुङ दार्जीलिङमा आगलागी, बम ब्लास्ट आदि घटनाहरू भइरहेका छन्। यी सबको पछि, चाहे जसकै हात किन नहोस्, बंगाल सरकारले दोष तिमीहरूलाई नैलगाउँछ, होशियार हुनु। त्यस्ता घटनाहरूलाई नियन्त्रण गर्न काम पनि तिमीहरूले नै गर्नुपर्छ, बंगाल पुलिसले गर्दैन। तृणमूल र आम्र बंगालका दुष्टहरू एकदमै सक्रिय भईरहेका छन्। अब तिमीहरू नै पुलिस हुनुपऱ्यो, तिमीहरू नै सीआरपी हुनुपऱ्यो, तिमीहरू नै चौकीदार भएर चौबिसै घण्टा होशियारी भएर रहनुपर्छ। तिमीहरू आफैले आफैलाई रक्षा गर्नुपर्छ। गोर्खाल्याण्ड नपाइञ्जेल अहिंस्रक आन्दोलन गरिबस्नुपर्छ। सीआरपीदेखि चेलीबेटीहरूलाई जोगाउनु। होशियार! होशियार!

गोर्खाली जनताले अभूतपूर्व त्याग र बलिदानको दृश्य संसारलाई देखाइदिए। जनताले गर्ने काम गरिसके अब बेसी दुःख नदिनु जनतालाई। अब नेताले नै आफ्नो ज्ञान–बुद्धि लगाएर प्रेमलाई हतियार बनाएर ममता ब्यानर्जीको ह्रदय पगाल्ने काम भोलिदेखि थालिहाल्नु पऱ्यो। गोर्खाल्याण्ड छोड़ेर अर्को व्यवस्था ठ्याम्मै नथाप्नु।

# को हुन् रोहिंग्या मुस्लिम?

रोहिंग्या एउटा अल्पसंख्यक मुस्लिम समुदाय हो, जो बौद्ध धर्मालम्बीहरूको बाहुल्यता रहेको म्यानमारमा शताब्दीऔंदेखि बसोवास गर्दै आएका छन्। यो समुदायलाई विश्वकै सबैभन्दा पीडित अल्पसंख्यकका रूपमा चित्रण गरिन्छ। दक्षिण एसियाली मुलुक म्यानमारमा अझै पनि ११ लाख रोहिंग्या मुस्लिम छन्। रोहिंग्याले बोल्ने भाषा उनीहरूको बाहुल्यता रहेको राखिने राज्य र म्यानमारका अन्य नागरिकहरूले बोल्नेभन्दा भिन्न छ। म्यानमार सरकारले तयार पारेको आधिकारिक १३५ जनजातिको सूचीमा उनीहरू अझै अटाउन सकेका छैनन्। प्रायः सबै रोहिंग्या राखिने राज्यको पश्चिमी तटमा बसोवास गर्छन् र म्यानमार सरकारको अनुमतिविना अर्को राज्यमा जान प्रतिबन्ध छ। यो राज्य म्यानमारकै सबैभन्दा गरिब राज्य हो, जहाँ आधारभूत सेवा र अवसरहरूको चरम अभाव छ। म्यानमारमा जारी पछिल्लो हिंसा र अत्याचारका कारण हजारौं रोहिंग्या म्यानमारबाट भागेर छिमेकी मुलुक बंगलादेशमा आश्रय लिइरहेका छन्।

**कहाँबाट आएका हुन् रोहिंग्या?**

इतिहासकार र जानकारहरूका अनुसार रोहिंग्या १२औं शताब्दीदेखि नै म्यानमारमा बसोवास गर्दै आएका छन्। आर्कन रोहिंग्या नेसनल अर्गनाइजेसनले भनेको छ, 'अर्कानमा रोहिंग्या मुस्लिम अनन्तकालदेखि बसोवास गर्दै आएका छन्।'

एक सय वर्ष पुरानो बेलायती शासनकालमा (१८२४ देखि १९४८ सम्म) भारत र बंगलादेशबाट ठूलो संख्यामा श्रमिक आप्रवासी म्यानमार ओइरिएका थिए। ह्युमन राइट वाच (एचआरडब्लु)का अनुसार ब्रिटिश प्रशासित म्यानमार भारतको एउटा प्रान्त भएकाले यस्तो आप्रवासलाई सामान्य रूपमा लिइन्थ्यो। आफ्ना अवसर कटौती हुने त्रासमा रैथाने समूह आप्रवासी श्रमिकको प्रवाहप्रति नकारात्मक थिए। म्यानमार स्वतन्त्र भएपछि ब्रिटिश शासनकालमा भएका बसाइँ सराईलाई बर्मा सरकारले गैरकानुनी घोषणा गरिदियो। सोही आधारमा उनीहरूलाई नागरिकता दिन वञ्चित गरियो। सरकारको सो व्यवहारपछि अधिकांश बौद्ध धर्मालम्बीले रोहिंग्यालाई बंगाली चस्माले हेर्न थाले।

**किन सरकारले नागरिकता दिँदैन?**

सन् १९४८-मा बेलायतबाट म्यानमार स्वतन्त्र घोषित भएपछि संघीय नागरिकता ऐन पारित भयो जसमा कुन जनजातिलाई नागरिकता दिने भन्ने उल्लेख थियो। तर, दुर्भाग्यवश, रोहिंग्याहरू सो सूचीमा अटाएनन्। बरू, कम्तीमा दुई पुस्तासम्म म्यानमार बसेका परिवारलाई परिचय पत्रका लागि आवेदन गर्न सकिने व्यवस्था कायम भयो। पुस्ताको सर्तका आधारमा सरकारले सुरुमा रोहिंग्यालाई परिचयपत्र दियो। सो अवधिमा केही रोहिंग्याले संसद्मा समेत प्रतिनिधित्व गर्ने अवसर पाएका थिए। सन् १९६२ को सैन्य 'कु'पछि रोहिंग्याका लागि नाटकीय व्यवस्था सुरु भयो। सरकारले सम्पूर्ण नागरिकहरूले अनिवार्य रूपमा राष्ट्रिय दर्ता कार्ड लिनुपर्ने नयाँ प्रावधान सुरु गऱ्यो। तर, रोहिंग्यालाई भने केवल विदेशी परिचयपत्र दिइयो, जसले उनीहरूका रोजगारी र शैक्षिक अवसरमा अंकुश लगाइदियो। सन् १९८२ मा नागरिकतासम्बन्धी नयाँ कानुन पारित भएपछि त्यसले रोहिंग्यालाई राज्यविहीन बनायो। सो कानुनअन्तर्गत रोहिंग्यालाई देशको १३५ जनजातिको समूहमा मान्यता दिइएन। कानुनले तीन तहको नागरिकता प्रदान गऱ्यो। सबैभन्दा आधारभूत तह (स्वाभाविक रूपमा नागरिकता) प्राप्तिका लागि कुनै पनि व्यक्तिको परिवार सन् १९४८ देखि म्यानमार बस्नुपर्ने र राष्ट्रिय भाषामा दक्ष हुने प्रावधान राखियो। अधिकांश रोहिंग्यासँग यस्तो कागजी प्रमाण थिएन। परिणामस्वरूप रोहिंग्याको पढ्ने, काम गर्ने, अन्य राज्यमा निर्वाध यात्रा गर्ने, विवाह गर्ने, आफ्नो धर्म पालन गर्नेलगायतका मौलिक अधिकारबाट वञ्चित भए। रोहिंग्यालाई अझैसम्म मतदान गर्ने, औषधि, कानुनी सेवा र कार्यालय खोल्ने अधिकार छैन।

सन् १९७० को दशकपछि राखिने राज्यका रोहिंग्यामा भएको दमनका कारण हजारौं रोहिंग्या बंगलादेश, छिमेकी मुलुक मलेसिया, थाइल्यान्ड र अन्य दक्षिण-पूर्वी एसियाली मुलुक भाग्न बाध्य भए। दमनका क्रममा म्यानमार सेनाले उनीहरूमाथि बलात्कार, यातना र दुव्र्यवहार गरेको थियो। सन् २०१६ को अक्टोबरमा नौजना सीमा प्रहरीको मृत्युपछि राखिने राज्यका गाउँहरूमा सेना खनिएको थियो। आक्रमणमा सशस्त्र रोहिंग्या समूहको संलग्नता रहेको सरकारले दाबी गऱ्यो। मानवअधिकारवादी समूहका अनुसार सेनाले रोहिंग्या समुदायका व्यक्तिमाथि अन्धाधुन्दा गोली प्रहार गर्ने, बालबालिकाको हत्या गर्ने र घरमा आगो लगाइदिएको थियो। तथापि, सेनाले आफूमाथि लागेका आरोप अस्वीकार गर्दै आएको छ। सरकारले 'नस्ल सफाइ' गरेको संयुक्त राष्ट्रसंघको भनाइ छ। म्यानमार सरकारले रोहिंग्याविरुद्ध बन्धु हत्या गरेको एचआरडब्लुले जनाएको छ।

अगस्तको अन्तिम साता प्रहरीचौकीमा हमला भएपछि म्यानमारको सेनाले रोहिंग्यामाथि दमन तीव्र पारेको छ। सेनाले निशस्त्र पुरुष, महिला र बालबालिकामाथि अमानवीय तरिकाले हमला गरेको छ। बर्मा सरकारको सैनिक दमन खप्न नसकेर पछिल्लो दुई सातामा मात्र ३ लाख रोहिंग्या छिमेकी मुलुकहरूमा शरण लिएको संयुक्त राष्ट्रसंघको शरणार्थीसम्बन्धी निकाय (युएनएचसिआर)-को तथ्यांकमा उल्लेख छ।

**म्यानमारबाट कहाँ भागे रोहिंग्या?**

म्यानमार सरकारको दमनका कारण सन् १९७० पछि झण्डै १० लाख रोहिंग्या म्यानमारबाट भागेका छन्। संयुक्त राष्ट्रसंघको पछिल्लो तथ्यांकअनुसार सन् २०१२ को मई महिनामा भएको हिंसामा १ लाख ६८ हजार रोहिंग्या म्यानमारबाट भागेर अन्य देश पुगे। आप्रवासका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम)-का अनुसार सन् २०१६ को अक्टोबरदेखि जुलाई २०१७ सम्ममा ८७ हजार रोहिंग्याले दोस्रो देशमा शरण लिएका छन्। अधिकांश रोहिंग्या ज्यान जोखिममा राख्दै बंगालको खाडी र अन्डमान सागर हुँदै आफ्ना बालबालिकालाई काखी च्याप्दै डुंगामा चढेर मलेसिया पुगेका छन्। सन् २०१२ देखि २०१५ मा १ लाख १२ हजार रोहिंग्या सो मार्ग हुँदै मलेसिया पुगेका थिए। अगस्टमा हिंसा भड्कनुअघि दक्षिण-पूर्वी एसियामा चार लाख २० हजार रोहिंग्या रहेको राष्ट्रसंघले अनुमान गरेको थियो। झन्डै एक लाख २० हजार रोहिंग्या आन्तरिक रूपमा विस्थापित थिए। तर, पछिल्लो तीन सातामा तीन लाख रोहिंग्या बंगलादेश पुगेका र सेनाको आक्रमणमा एक हजारको हत्या भएको शरणार्थीका लागि राष्ट्रसंघको उच्च आयोगको तथ्यांकमा उल्लेख छ।

**रोहिंग्याबारे नेत्री सुकी र म्यानमार सरकार के भन्छ?**

स्टेट काउन्सिलर आङ सान सुकीले रोहिंग्याको पीडाबारे छलफल गर्न आनाकानी गर्दै आएकी छिन्। नेत्री सुकी र सरकारले रोहिंग्यालाई जातीय समूहका रूपमा मान्यता दिन चाहन्न र उनीहरूलाई आतंकवादीको बिल्ला भिराउँदै सैनिक दमनबाटै संकट समाधान हुने निष्कर्ष निकालेको छ। नोबेल शान्ति पुरस्कार विजेता सुकीको सेनामाथि नियन्त्रण छैन, उनी सैनिक कारबाहीप्रति केवल मुकदर्शक छिन्। उनी सरकारको बचाउमै तल्लीन छिन्।

अन्तर्राष्ट्रिय संघ संस्थाहरूले सुकीले जातीय सफाइ गरेको आरोप लगाएका छन्, तथापि, सुकी मान्न तयार छैनन्। 'राखिनेमा भइरहेका गतिविधिप्रति जातीय सफाय भन्ने वाक्यांशको प्रयोग मेरा लागि निकै कडा हो, 'अप्रिल महिनामा एउटा दुर्लभ अन्तर्वार्तामा सुकीले भनेकी थिइन्। राखिने राज्यको संकट समाधानका लागि गत सेप्टेम्बर १६ मा सुकीले राष्ट्रसंघका पूर्वमहासचिव कोफी अन्नानको नेतृत्वमा अनुसन्धान आयोग गठन गरेकी थिइन्। तर, सुकीले विश्व समुदायलाई शान्त पार्न र रोहिंग्या संकट समाधान गर्न केवल प्रपञ्च रचेको पछिल्ला घटनाक्रमले संकेत गरेको छ। मानवअधिकार दुरुपयोगलगायतका विषयमा छानबिन गर्न अन्नानलाई कुनै अधिकार नदिनुले पनि यसको पुष्टि गर्छ। सेनाले रोहिंग्यामाथि दमन गरेको र उनीहरूको निर्वाध गतिविधिमा तगारो तर्साएको अयोगको निष्कर्ष छ।

अन्तिम चरणको हिंसामा सुकीले बंगलादेश भागेका रोहिंग्यालाई केही उल्लेख नगरी संकटबारे अन्तर्राष्टिय सञ्चार माध्यमहरूले सूचना तोडमोड गरेको आरोप लगाएकी छिन्। सरकारले उत्तरी राखिने राज्यमा सञ्चारकर्मी र सहयोगी निकायका कार्यकर्ताको पहुँचमा रोक लगाएको छ। स्न २०१७ को फेब्रुअरीमा राष्ट्रसंघले एक प्रतिवेदन सार्वजनिक गर्दै सरकारले मानवताविरोधी अपराध गरेको ठहर गरेको थियो।

**रोहिंग्याबारे बंगलादेश**

अहिले बंगलादेशमा झन्डै पाँच लाख रोहिंग्या त्यहाँका अस्थायी शिविरमा आश्रय लिइरहेका छन्। उनीहरूमध्ये अधिकांश शरणार्थीका रूपमा दर्ता भएका छैनन्। सीमापार गरेर शिविरबाहिर बसोवास गरेका उनीहरू गैरकानुनी रूपमा घुसपैठ गरेको बंगलादेशको बुझाइ छ। बंगलादेशले बारम्बार रोहिंग्यालाई सीमा क्षेत्रमा रोक्ने प्रयास गरिरहेको छ।

म्यानमारबाट भागेर बंगलादेश पुगेका दसौं हजार शरणार्थीलाई एउटा सुन्दर टापुमा पुनर्स्थापना गर्ने योजना गत जनवरीमा बंगलादेशका अधिकारीले बनाएका थिए। सो योजनाअन्तर्गत म्यानमारबाट बंगलादेश पुगेका तर कुनै अभिलेख नभएका रोहिंग्यालाई बंगालको खाडीको थेनगार चारमा शरणदिने बंगलादेश सरकारको तयारी छ। शरणार्थीका लागि छुट्याएको सो क्षेत्र कुनै पनि वेला बाढीले बगाउने र बस्नका लागि अयोग्य भएको अधिकारवादीहरूले बताउँदै आएका छन्। वर्षातको मौसममा सो टापुमा बाढी जाने भन्दै अधिकारवादीहरूले सरकारको प्रस्तावको विरोध गर्दै आएका छन्। राष्ट्रसंघले पनि बंगलादेश सरकारको सो पुनर्स्थापना प्रस्तावलाई 'निकै जटिल र विवादास्पद' बताएको छ। पछिल्लो समयमा बंगलादेश सरकारले राखिने राज्यका लडाकुविरुद्ध म्यानमार सेनासँग संयुक्त कारबाही गर्ने प्रस्ताव गरेको छ। बंगलादेश सरकारको सो योजना सफल भएमा राखिनेमा अझै बढी रक्तपात मच्चिने र निःसन्देह शरणार्थी प्रवाह बढ्नेछ।

**रोहिंग्याबारे के भन्छन् अन्तर्राष्ट्रिय समुदाय?**

रोहिंग्या समुदाय विश्वकै सबैभन्दा दमन गरिएको र अपहेलित अल्पसंख्यक समुदाय भएको अन्तर्राष्ट्रिय समुदायले बताउँदै आएको छ। राष्ट्रसंघ, विभिन्न मानवअधिकारवादी समूहहरू- एम्नेस्टी इन्टरनेसन, ह्युमन राइट वाचले रोहिंग्या समुदायमाथि म्यानमार सरकार र अन्य छिमेकी मुलुकहरूले गरेको व्यवहारको कटु आलोचना गरेका छन्। म्यानमार सेनाले राखिनेमा मानवताविरुद्धको अपराध गरेको राष्ट्रसंघको ठहर छ। रोहिंग्यामाथि भएको दुर्व्यवहारबारे अनुसन्धान गर्न राष्ट्रसंघले गत मार्चमा एक स्वतन्त्र अन्तर्राष्ट्रिय मिसन स्थापना गर्ने प्रस्ताव गरेको थियो। तर, म्यानमार सरकारले राष्ट्रसंघका अनुसन्धानकर्तालाई अनुमति दिन अस्वीकार गरेपछि झनै अन्योलता बढेको छ। रोहिंग्या समस्याबारे राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेजले गम्भीर चासो देखाएका छन्। म्यानमारमा जातीय सफाइको खतरा बढेको बताउँदै हिंसा रोक्न महासचिव गुटेरेजले बारम्बार सुकीलाई आह्वान गरेका छन् ।

**अल जजिरा टिमले लेखेको अल जजिरा डटकममा प्रकाशित लेखको अनुवादित अंश।**